## नगर कार्यपालिकाको मिति २०७६।०३।२२ गतेको ५६ औ बैठकको निर्णय प्रतिलिपि

**निर्णय नं. १**

नगर कार्यपालिकाको मिति २०७६ असार ८ गतेको बैठकको निर्णय नं. ९ प्रधानमन्त्री रोजगार कार्यक्रमको वडा नं. ५ तर्फ पाउँदी खोला तटवन्धन/ कुलो मर्मतबाट थाक्ले - घुमाउने तथा थाक्ले कमेरे सडक मर्मत तथा नाला निर्माण योजनामा रूपमान्तरण भएकोमा पुनः उक्त योजनालाई पाउँदी खोला तटबन्धन/कुलो सरसफाई योजनानै संचालन गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. २**

यस नगरपालिकामा आ.ब. २०७२/०७३ देखी सफ्टवेयरको माध्यमबाट राजश्व संकलनकालागि आय लेखा प्रणाली र एकीकृत सम्पत्ति कर सफ्टवेयर जडान गरिएकोमा सेवा प्रदायक कम्पनी मार्फत मागभएको सम्झौतामा उल्लेखित शर्त बमोजिम परामर्श सेवा शुल्क रकम आवश्यक प्रक्रिया पुर्याइ भुक्तानी दिने।

**निर्णय नं. ३**

नगर कार्यपालिकाको ४८ औ बैठकको निर्णयानुसार खरिद गरिएका पाइपको माग निवेदनलाई निश्चित आधार मार्फत वितरण गर्नका लागी वडा नं ६ का वडा अध्यक्ष श्री रघुनाथ मिश्र ज्यूको अध्यक्षतामा, नगर कार्यपालिका सदस्य श्री शान्ता भुजेल र ईञ्जिनियर श्री जीवन थापा सदस्य रहेको पाईप वितरण समिति गठन गर्ने।

**निर्णय नं. ४**

लमजुङ जिल्ला व्याडमिण्टन संघ वेशीशहर लमजुङको मिति २०७६।०२।२६ गतेको सहयोग रकम भुक्तानी बारेको पत्रानुसार माग भएको रकम रू १०,०००।०० (अक्षेरूपी दश हजार रूपैया मात्र) रकम मिल्दोजुल्दो शीर्षकबाट नियमानुसार भुक्तानी दिने।

**निर्णय नं. ५**

जिल्ला समन्वय समितिको कार्यालय लमजुङबाट कामकाज गर्न खटिई आउनुभएका सामाजिक परिचालक श्री मनहरी सोतीबाट मिति २०७५ श्रावण महिनादेखी २०७६ असार मसान्त सम्मको कर्मचारी संचय कोष र महंगि भत्ताबापतको रकम भुक्तानि नभएकोले उक्त रकम भुक्तानि गराईदिने व्यवस्थाका लागि निवेदन माग भएकोमा निजले माग गरेको रकम भुक्तानि दिने।

**निर्णय नं. ६**

लमजुङ जिल्लाको प्रवेशद्वार पाउँदीमा अस्थायी प्रहरी विट संचालन गर्न आवश्यक रहेको देखी वडा नं. ७ पाउदीका श्री विपुल वि.क. को घर भाडामा लिई संचालन रहेकोमा उक्त घर भाडा वापतको रकम भुक्तानिको व्यवस्था मिलाईदिनुहुन भनि इलाका प्रहरी कार्यालय भोटेवोडार लमजुङको प.सं. ०७५।७६ च.नं. ४७० मिति २०७६।०३।०४ गतेको पत्रानुसार वडा नं. ७ कार्यालयमा अनुरोध भएकोले वडा समितिको कार्यालयको प.सं. ०७५।७६ च.नं. १०९४ मिति २०७६।०३।१६ को पत्रानुसार सिफारिस भई आएको विषयमा छलफल हुँदा उक्त अस्थाई प्रहरी विट संचालनको लागि भाडा वापत प्रति महिना रू ३५००।०० (अक्षेरूपी तिन हजार पाँच सय मात्र) र पानी वत्ति बापतको प्रति महिना रू ५००।०० (अक्षेरूपी पाँच सय मात्र) गरी प्रति महिना कुल जम्मा रू ४०००।०० (अक्षेरूपी चार

हजार मात्र) मिति २०७५ साउन देखी २०७६ को आषाढ समान्त सम्म १२ महिना वरावर हुने आउने कुल रकम रू ४८०००।०० (अक्षेरूपी अड्चालिस हजार मात्र) उपलव्ध गराउने।

**निर्णय नं. ७**

यस सुन्दरबजार नगरपालिकाबाट आ.ब. २०७४/०७५ मा वडा नं. ११ का लागि विनियोजन गरिएका योजनाहरूको सम्झौता भई योजना सम्पन्न गरी भुक्तानीका लागि चेक समेत काटिसकिएको तर विविध कारणबस उपभोक्ता समितिबाट चेक सटाही गर्न ढिलाई भएको हुँदा उक्त योजनाहरूको लागि सुन्दरबजार नगरपालिकाबाट जारी गरिएका तपसील बमोजिमका विवरण भएको चेक सटही हुन नसकेको रकम यसै आ.व. २०७५।०७६ मा पूँजीगत खर्च खाताबाट भुक्तानी दिनका लागी नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम ठेगाना | जम्मा विनियोजन | चेक नं. | चेक रकम |
|---|---|---|---|---|
| १. | भागु कालिका खानेपानी उपभोक्ता समिति | ५०००००।०० | 0091703837 | ४९१००९।०० |
| २. | सिन्दुरे खेलकुद विकास समिति | ११००००।०० | 0091703874 | १०८३२३।०० |
| ३. | युवा लक्षित साँस्कृतिक संरक्षण जगेर्ना उपभोक्ता समिति | १०००००।०० | 0091703862 | ९८३२९।०० |

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत